भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

आर्थिक वर्ष : ०८१।०८२
सूचना नं.: ८१

## गणतन्त्र दिवस मनाउने सम्बन्धी सूचना !

**(मिति : २०८२/०२/१३ गते)**

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषण भएको ऐतिहासिक दिनको अवसरमा हरेक वर्ष जेठ १५ गतेका दिन मनाइने गणतन्त्र दिवसको शुभ अवसरमा सम्पूर्ण गाउँपालिकाबासीहरुमा तपसिल बमोजिमको दिवसीय कार्यक्रमहरु सञ्चालन गरी गणतन्त्र दिवस, २०८२ भव्यताका साथ मनाउनु हुन अनुरोध छ।

**तपसिल :**

१. गाउँपालिका स्थित सबै वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक विद्यालय एवम् अन्य सरकारी तथा गैरसरकारी संघ/ संस्थाहरुले गणतन्त्र दिवसको अवसरमा २०८२ जेठ १४, १५ र १६ गते साँझ दिप प्रज्वलन गर्ने।

२. सबै वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक विद्यालयहरुले कार्यालय परिसर सरसफाई गर्नुको साथै राष्ट्रिय झण्डा फहराउने।

३. गाउँपालिकाबासी सबैले आ-आफ्नो घर, टोल एवम् सार्वजनिक स्थलहरुको सरसफाई गर्ने र दीप प्रज्वलन गर्ने।

४. गणतन्त्र दिवससँग सम्बन्धित विभिन्न रचनात्मक, सिर्जनात्मक, सन्देशमूलक एवम् जनचेतनामूलक कार्यक्रमहरु गर्ने।

५. अन्य दिवस केन्द्रित कार्यक्रमहरु सञ्चालन गर्ने।

२०८२/०२/१३

..............................
(उपेन्द्र यादव)
नि. प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत